## तानसेन नगरपालिका

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

(२०८२ साल असार १० गते)

## तानसेन नगरपालिका, पाल्पा

## लुम्बिनी प्रदेश, नेपाल

**यस गरिमामय नगरसभाका सदस्यज्यूहरु,**

**सल्लाहकार, कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।**

तानसेन नगरपालिकाको प्रमुखको रुपमा १७ औं नगरसभाको यस सम्मानित बैठकलाई सम्बोधन गरिरहँदा धेरै गौरवान्वित भएको छु ।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, अखण्डता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, राष्ट्रियता र जनजिविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

नेपालको संविधानको धारा २२४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिमको व्यवस्था अनुसार तानसेन नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत हुन गइरहेको व्यहोरा गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

नागरिकको प्रत्यक्ष सहभागिता रहने स्थानीय तह जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धी हो । स्थानीय नागरिकलाई पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनउत्तरदायी सरकार, भ्रष्टाचारमुक्त विकास निर्माण तथा सभ्य र सु-संस्कृत समाज निर्माण गर्ने कर्तव्य प्रति अडिग रही निरन्तर घरदैलोमा सेवा प्रवाह गर्ने कार्यलाई आदर्श मानी नगरपालिका अगाडि बढेको कुरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

राज्यको पुनर्संरचनासँगै विकसित गरिएका संघ, प्रदेश र स्थानीय सरकारहरुका अधिकार र जिम्मेवारी संविधानले नै निर्दिष्ट गरेकोछ । **"समृद्ध सांस्कृतिक नगर"** को परिकल्पना र आवधिक योजनामा तय गरिएका नगर विकासका लक्ष्यलाई उच्च प्राथमिकता दिने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिएकोछ ।

राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको योजना, दिगो विकासको लक्ष्य तथा विभिन्न समयमा नेपाल सरकार एवं प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनलाई समेत ध्यानमा राखी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**सभाका सदस्यज्यूहरु**

चालु आ.व. २०८१/०८२ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु सम्पन्न हुने क्रममा छन् र पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था तथा उपलब्धी सन्तोषजनक रहेकोछ। चालु आर्थिक वर्षमा नगर क्षेत्रको विकास र नगरवासीको समृद्धिको लागि गरिएका मुख्य कार्यहरुमा समुदायको सबैभन्दा निकट रही उनीहरुको जनजिवीकामा प्रत्यक्ष योगदान पुऱ्याउने वडास्तरीय योजना तथा कार्यक्रमहरु प्रमुख रहेका छन । नगरका सबै वडामा सञ्चालित सडक निर्माण तथा स्तरोन्नती, कृषि तथा पशुपालन क्षेत्रको व्यवसायिकरण, पर्यटन प्रवर्द्धन लगायतका महत्वपूर्ण विषयगत कार्यहरु अगाडि बढेका छन ।

नगरस्तरीय प्रमुख कार्यहरुमा नगरपालिका र वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माण तथा स्तरोन्नति, खुल्ला ढलको उचित व्यवस्थापन, वनदेवी बसपार्क निर्माण, डुम्रे-तेल्घा-गुफाचौर पक्की सडक निर्माण, तल्लो खल्डुकबोट खानेपानी आयोजना, शीत भण्डार निर्माण, साझेदारी मार्फत संचालन हुने पूर्वाधार विकास कार्यक्रम, मेयर पूर्वाधार विकास, उपमेयर महिला मैत्री पूर्वाधार लगायतका नगर गौरवका आयोजनाहरु प्रभावकारी रुपमा कार्यान्वयनमा रहेका छन । सडक पूर्वाधार, भवन निर्माण, खानेपानी लगायत स्थानीय पूर्वाधार विकास तथा अन्य विषयगत कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन ।

चालु आर्थिक बर्षमा तानसेन नगरपालिका र बेलायत एफ.सी.डि.ओ.को साझेदारीमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत सडक लगायत महत्वपूर्ण पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयनमा रहेका छन ।

सारमा यस आर्थिक वर्षमा पूर्वाधार तर्फ १२ कि.मि.सडक कालोपत्रे तथा ढलान कार्य, १०.९४ कि.मि.सडक स्तरोन्नती तथा मर्मत कार्य, ६.२८ कि.मि. नयाँ सडक निर्माण र ३ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भएकोछ। भवन तर्फ ३० वटा सामुदायिक भवन/ट्रस निर्माण तथा मर्मत, १ वटा मन्दिर र ६ वटा प्रतिक्षालय निर्माण, शौचाय निर्माण तथा मर्मत १ वटा, ६ वटा खानेपानी टंकी निर्माण तथा मर्मत कार्य, ६०१ मिटर ढल निर्माण तथा मर्मत, ५.८ कि.मी. पाइप खरिद र ३ कि.मी. सिंचाई कुलो निर्माण तथा मर्मत कार्य सम्पन्नताको अवस्थामा रहेकोछ। अन्य विषयगत कार्यक्रमहरु समेत प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनको लागि पाल्पा दरबार संग्राहलय परिसरको पुनर्निमाण तथा सौन्दर्यकरण, रानीमहलको मर्मत एवं रङ्गरोगन र लाइटिङ्गको व्यवस्था, श्रीनगर डवली क्षेत्रको संरक्षण र सञ्चालन, सांस्कृतिक सहर निर्माण र प्राचीन आवासहरुको संरक्षणको लागि गुरुयोजना तयारी, अष्ट्रेलियन भोलेन्टियर कार्यक्रम मार्फत तानसेनको समग्र पर्यटन विकास योजना समेत तयार गरिएकोमा समग्र पर्यटन विकासका कार्यक्रम यसै अनुसार निर्देशित हुनेछ। लुम्बिनी प्रदेश

सरकारसँगको साझेदारी र सम्बद्ध पालिकाहरुको सहकार्यमा रिडीमा बृहत सालग्राम महोत्सव सम्पन्न गरिएकोछ ।

स्थानीय आर्थिक विकास योजना प्रकाशन गरी कार्यान्वयनमा ल्याईकोमा सम्पूर्ण आर्थिक विकासका कार्यक्रमहरु यसै योजनाका आधारमा परिलक्षित गरिएका छन । तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा चालु आ.व.मा थालनी गरिएको तानसेन आर्थिक विकास परियोजना मार्फत किसानहरुको लागि विशेष कार्यक्रम कार्यान्वयनमा ल्याइएकोछ ।

न्यूनतम २० युनिटसम्म विद्युत खपत गर्ने लाभग्राहीलाई विद्युत महसुल अनुदान, 'ग' वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग लगायतका कार्यक्रमहरु निरन्तर रुपमा कार्यान्वयनमा रहेका छन ।

नगरस्तरीय मेयरकप रनिङ्ग शिल्ड प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, ऐतिहासिक तथा परम्परागत जात्रा मेला पर्व, सडक महोत्सव, यमोरी पुन्ही लगायत संस्कृति संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याइएकोछ । स्थानीय कृषि, उद्योग, व्यापार तथा रोजगार मेला सञ्चालन गरी नगरपालिकाको राजश्व अभिवृद्धि गरिएको छ ।

तानसेनको खानेपानी सेवाको प्रभावकारिताको लागि "तानसेन खानेपानी उपभोक्ता समिति" र सम्बन्धित निकायहरुसँग सहकार्य गरी नगरपालिकाबाट प्रत्यक्ष सहयोग पुऱ्याइएको छ ।

विपद् व्यवस्थापनका आधारभुत कार्यहरु, आगलागी नियन्त्रणमा दमकल र जनशक्तिको प्रभावकारी रुपमा परिचालन गरी नगरपालिका र छिमेकी पालिकाहरुमा समेत सहयोग पुऱ्याइएकोछ ।

पाल्पा दरबार संग्राहलय परिसर क्षेत्र सौन्दर्यकरण गरिएकोमा हाल तेर्सो सडक सौन्दर्यकरण कार्यक्रमलाई अगाडि बढाइएको छ । यसै क्षेत्रमा महिलाहरुको अगुवाइमा हरेक साताको शुक्रवार सञ्चालन गरिने व्यवसायिक मेलाको स्तरबृद्धि गरिनेछ ।

नगरवासीलाई सुलभ र गुणस्तरीय सेवा प्रवाहको लागि सुशासनका विषयगत क्षेत्रका कार्यक्रमहरु समय सापेक्ष कार्यान्वयन गरिएकोछ । आवश्यक कानूनहरु निर्माण गरी सहजता प्रदान गरिएको छ भने चालु आ.व. देखि तानसेन नगरपालिकाको आवधिक योजनामा आधारित योजना तथा कार्यक्रमहरु कार्यान्वयमा ल्याइएको छ ।

नगरको बजार क्षेत्र र ग्रामीण क्षेत्रको सन्तुलित विकास अगाडि बढाउन हामी सफल छौं र आगामी दिनमा पनि प्रयत्नशील रहने छौं । नगरको विकासमा सबैको समन्वय, सहकार्य र सहयोगबाट आगामी दिनहरुमा थप उपलब्धिमूलक काम गर्ने हौसला र उर्जा मिल्नेछ भन्ने अपेक्षा गरेका छौं ।

निर्धारित समयमा विकास निर्माणका कार्यक्रमहरु सम्पन्न गरी स्रोत साधनको प्रभावकारी परिचालन गर्ने हाम्रो गहनतम लक्ष्यमा आशातित उपलब्धी हासिल गर्न चुनौतिपूर्ण अवस्था रहेको व्यहोरा गरिमामय नगरसभा समक्ष राख्न चाहन्छु । स्थानीय तहको लागि निर्धारित बजेट कटौती हुनु, निर्माण व्यवसायीहरुले समयमा काम सम्पन्न नगरिदिंदा ठूला पूर्वाधारका आयोजनाहरु समयमा सम्पन्न नहुनु, दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्रोत तथा साधनको तादम्यता मिलाउन हाम्रा लागि थप चुनौतिहरु रहेका छन । आन्तरिक स्रोत बृद्धिको चुनौतिका बावजुद आगामी आर्थिक बर्षको लागि महत्वपूर्ण योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएका छन् ।

**सभाका सदस्यज्यूहरु**

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम तयारीको क्रममा  राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, टोल विकास संस्थाहरु, निजी क्षेत्र, सञ्चार क्षेत्र, नागरिक समाज, नगर सल्लाहकार, राष्ट्रसेवक कर्मचारी, नगरवासी र सम्बन्धित सरोकारवाला महानुभावहरुबाट नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने सम्वद्ध विषयहरुमा महत्वपूर्ण सुझावहरु समेत माग गरी सहभागितामुलक पक्षलाई प्राथमिकता प्रदान गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । “हाम्रो तानसेन हामी बनाउछौं” भन्ने मूल नारा बोकेर पालिकाले पाँच वटै विषयगत क्षेत्रलाई पूर्ण चलायमान बनाउने उद्देश्य लिएको छ ।

**“जागौ स्वरोजगारमा लागौं”** भन्ने आर्थिक अभियान लक्षित आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट मार्फत उत्पादन र उत्पादकत्व बृद्धि हुने तथा रोजगारीका अवसर सिर्जना हुने गरी पर्यटन, कृषि, युवा उद्यमशीलता र पूर्वाधार विकासका क्षेत्रमा विशेष ध्यान पुऱ्याइएको छ ।

अव म यस गरिमामय सभामा आगामी आ.व. २०८२/०८३ को लागि क्षेत्रगत एवम् विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## (क) आर्थिक विकास

### (क) १. स्थानीय आर्थिक विकास

१. आर्थिक विकास तर्फ ढाका प्रबर्द्धन कार्यक्रम, सहकारी विकास, मेला महोत्सव तथा व्यवसाय विकास, पाल्पा दरवार परिसर सौन्दर्यकरण, रानीमहल तथा श्रीनगर क्षेत्र विकास, पर्यटन प्रबर्द्धन कार्यक्रम, श्रीनगर डबलीको विकास एवं प्रबर्द्धन, नगर पशु सेवा तथा कृषि विकास कार्यक्रम, पर्यटन विकास बोर्ड गठन तथा सञ्चालन, दुग्ध उत्पादनमा किसान सहुलियत कार्यक्रमहरु प्रभावकारिताका साथ अगाडि बढाइनेछ । उल्लेखित कार्यक्रमको लागि यथोचित बजेट समेत विनियोजन गरिएको  छ ।

२. उत्पादन र उत्पादकत्व बृद्धि गर्न तथा युवाहरुलाई आर्थिक विकासको अभियानमा जोड्न नगरपालिका र हेफर नेपालको साझेदारीमा थालनी गरिएको “तानसेन आर्थिक विकास परियोजना” प्रभावकारिताका साथ अगाडि बढाइनेछ। यस बर्ष प्रकाशन गरिएको आर्थिक विकास योजनाका आधारमा आर्थिक क्षेत्रका कार्यक्रमहरुलाई थप नतिजामूखी बनाइनेछ।

३. तानसेनमा उत्पादीत ढाका, करुवा, फलाम तथा धातुजन्य सामाग्री लगायतका उत्पादनहरुको बजारिकरण गर्न तेस्रो कृषि, व्यापार, पर्यटन एवम् रोजगार मेला आयोजना गर्न विभिन्न सरोकारवाला संघ संस्थालाई प्रोत्साहनका साथ निरन्तरता दिइनेछ।

**(क) २. पर्यटन, संस्कृति र सम्पदाको विकास :**

४. तानसेन नगरपालिकाको ऐतिहासिक कला, साहित्य, संस्कृति, सम्पदा, विज्ञान तथा प्रविधि, शिक्षा, स्वास्थ्य जस्ता विधाको अनुसन्धान, विकास र विस्तारका लागि तानसेन नगर प्रज्ञा प्रतिष्ठान मार्फत महत्वपूर्ण कार्यक्रम सञ्चालन गरिने छ।

५. तानसेनको पर्यटन, संस्कृति र सम्पदाको विकासको लागि योजनावद्ध ढङ्गले प्रभावकारी कार्यहरु अगाडि बढाउने नीतिलाई कार्यान्वयन गर्न “तानसेन पर्यटन विकास बोर्ड” गठन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा तानसेनको बारेमा प्रचार प्रसार गर्ने लक्ष्य लिइएकोछ। तानसेन पर्यटन विकास बोर्ड मार्फत पर्यटन विकास र प्रवर्द्धनका कार्यहरु समेत अगाडि बढने विश्वास लिइएको छ।

६. ऐतिहासिक पाल्पा दरबार परिसर सौन्दर्यकरण र समग्र पर्यटन क्षेत्रको लागि संघ तथा प्रदेश सरकार, पुरातत्व विभाग, नेपाल पर्यटन बोड लगायतका निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

७. रानीमहल क्षेत्रको विकास र सौन्दर्यकरण कार्यक्रम तथा कालीगण्डकी नदीबाट हुने नदीकटान र भू-क्षय न्यूनिकरण गर्न संघ तथा प्रदेश सरकारसँग आर्थिक तथा प्राविधिक क्षेत्रमा सहकार्य गरिने छ।

८. नेपालकै प्रमुख धार्मिक हृषिकेश/रुरु क्षेत्रमा विशेष कार्यक्रमहरु कार्यान्वयनको व्यवस्था मिलाइने छ। हृषिकेश मन्दिर वरिपरीको क्षेत्रको संरक्षण र व्यवस्थापन मन्दिर व्यवस्थापनले हेरचाह गर्न मिल्ने व्यवस्थाको लागि पहल गरिनेछ।

९. यातायात पूर्वाधारको विकास गरी गुफाचौर क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने भने तानसेन नगरपालिका वडा नं. ९ माडी फाँटमा माण्डव्य सरोवर निर्माणको लागि बिशेष पहल गरिनेछ।

१०. सार्बजनिक निजी साझेदारी अवधारणामा “तानसेन सिटीहल” निर्माण कार्य अगाडि बढाइने छ।

११. प्रदेश सरकार र तानसेन नगरपालिकाको साझेदारीमा कार्यान्वयन गरिने “नवप्रवर्तन साझेदारी कार्यक्रम” मार्फत उद्यमशिलता विकास र पर्यटन प्रवर्द्धनका विशेष कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ ।

१२. नगर क्षेत्र भित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यस्थलहरु समेटी नगरका प्रमुख चोकहरुमा पर्यटन सूचना पाटी (Tourist Information Board) राख्ने व्यवस्था मिलाइने छ ।

१३. तानसेन नगरपालिका वडा नं. ११ चण्डिभञ्ज्याङ्गमा प्रताप शम्सेरको पालामा मानव निर्मित ऐतिहासिक सुरुङ्गको संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। जोगिपानी बोलकुवाको “बोल्ने पानी”को प्रचार प्रसार र उचित संरक्षणको व्यवस्था मिलाइनेछ ।

१४. सामाकोट, टक्सार किटडाँडा लगायतका खानीक्षेत्र रहेका स्थानहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । लिपिन्देवी-जङ्गी अड्डा जीपलाईन निर्माण परियोजनाको सम्भाव्यता अध्ययन गरी सम्भाव्य योजनालाई सार्वजनिक निजी साझेदारी अवधारणा मार्फत कार्यान्वयनमा लगिनेछ ।

१५. स्थानीय संस्कृति र पर्यटन विकासमा महत्व राख्ने तानसेन नगरपालिका क्षेत्र भित्रका होटल तथा रेष्टुरेण्ट र नयाँ क्षेत्रका बस्तीहरुमा होमस्टेहरुको स्थापना र स्तरोन्नतीमा सहकार्य गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा पोखरा गन्तव्य बनाई जाने भारतीय पर्यटकहरुको पाल्पा बसाईको वातावरण तयार गरिने छ ।

१६. बृहत गुरुयोजना तयारीका साथ सामुदायिक वनसँग सहकार्य गरी श्रीनगर उद्यान क्षेत्रलाई राजश्व प्रवर्द्धन र पर्यटकीय सम्पदाको स्थलको रुपमा विकास गरिनेछ ।

१७. तानसेन नगरपालिका वडा नं. ७ को प्रभास कमलपोखरी, सूर्यकुण्ड, बंशगोपाल आसपासको क्षेत्रलाई ऐतिहासिकतासँग जोडी विशेष क्षेत्रको रुपमा विकास गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सहकार्य गरिनेछ ।

१८. नेपाल अँग्रेज युद्धका समयमा तत्कालित सेना कमाण्डर उजिर सिंह थापाले हालको तानसेन नगरपालिका वडा नं. ८ छापमा रहेको फलाम खानीकै प्रयोगबाट युद्ध सामग्री बनाएको ऐतिहासिक स्थललाई पहिचान गराउन खानी संरक्षण, उजिर सिंह तथा साना काजी अमर सिंह थापाको मूर्ति स्थापना गरी उजिर अमर पार्क निर्माण र कोकल देवी क्षेत्रलाई समेत समेटी गुरुयोजना तयारीको लागि पहल गरिनेछ ।

१९. रणउजिरेश्वरी भगवती, अमर नारायण मन्दिर, सिद्ध गुफा, ऋषिकेशव मन्दिर, अर्गली दरबार, नर्मदेश्वर शिवालय धाम, सिद्धपानी गुफा, वंशगोपाल, मणिमुकुन्देश्वर, वालिकन्या देवी, कुण्डली

देवी, कुइरेभीर, चेचीकोट, थाम्काडाँडा, लगायतका पर्यटक गन्तव्यको थप विकास र प्रचार प्रसार गरिनेछ ।

२०. नगरको ऐतिहासिक संस्कृतिको प्रवर्द्धन गर्न नगरमा सञ्चालित भगवती रथयात्रा, अमरनारायण रथयात्रा, माण्डव्य हृषि रथयात्रा, गाईजात्रा, रोपाईजात्रा, बाघजात्रा, हृषिकेश रथयात्रा, माघे सक्रान्ति मेला पर्व, सीतलादेवी रथयात्रा, बुद्धजयन्ती, प्रभास शिवरात्री मेला, लिपिन्देवी सराय नाँच, लाखे नाँच, चुँइकी लगायतका परम्परागत जात्रा, मेला लगायतका सांस्कृतिलाई निरन्तरता दिन नगर तथा वडास्तरबाट विशेष सहयोग गरिनेछ ।

२१. विभिन्न धर्म संस्कृति अन्तर्गत रहेका नगर क्षेत्रका मठ मन्दिर, मस्जिद, गुम्बा, विहार, चैत्य, चर्च लगायतका सम्पदाहरुको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२२. ऐतिहासिक, पुरातात्विक, प्राचीन सम्पदा, स्मारक तथा सङ्ग्राहलयको संरक्षण र मर्मत सम्भारको लागि नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकाय र स्थानीय संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका लागि आवश्यकता अनुसार सडक, विद्युत, पुल-पुलेसा, खानेपानी, सार्बजनिक तथा घुम्ति शौचालय, सूचना केन्द्रको प्रवन्ध गरिनेछ । सांकृतिक क्षेत्रमा निर्माण गरिने भौतिक संरचना र घरहरु पनि पुरातात्विक हिसावले निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

**(क) ३. लघु, घरेलु तथा साना उद्योग, रोजगार तथा वाणिज्य :**

२३. उद्यमशिलता मैत्री शिक्षा नीतिका आधारमा इन्स्योर परियोजना मार्फत २० जनालाई पेशागत कुक, २० जनालाई प्लम्बिङ्ग, २० जनालाई बिल्डिङ्ग इलेक्ट्रिसियन र २० जनालाई कम्प्युटर हार्डवयर तथा नेटवर्क टेक्निसियन तालिम मार्फत युवाहरुलाई उद्यमशिलता र स्वरोजगारको अवसर प्रदान गरिएकोमा यसलाई निरन्तरता दिइनेछ ।

२४. विद्यालयस्तरमा प्रविधिक तथा व्यवसायिक शिक्षा तालिम (TVET) सञ्चालन गरी पढदै कमाउदै कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. लघु उद्यमशिलता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । स्थानीय बजार प्रवर्द्धनको लागि हरेक हप्ताको शुक्रबार हुने साप्ताहिक बजार महोत्सवलाई निरन्तरता दिई थप व्यस्थित गरिनेछ । नगरपालिकाका प्रमुख बजार क्षेत्रमा प्रदर्शनी तथा विक्री कक्ष, कोशेली घर स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. नगरपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रम तथा समारोहमा स्थानीय उद्यमीले उत्पादन गरेका फूल, दुना टपरी तथा अन्य सामाग्रीहरुको प्रयोग गरी बजारीकरणमा सहयोग पुऱ्याइने छ ।

२७. शहीद परिवार, द्वन्द्व पिडीत, असहाय तथा एकल महिलाहरुको लागि सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

२८. युवा रोजगार र स्वरोजगारका कार्यक्रमहरु अगाडि बढाइनेछ, पाल्पाली करुवा, तामा र फलामका भाँडा तथा औजारहरुको उत्पादन र बजारिकरणमा विशेष पहल गरिनेछ । स्वदेश फर्किएका आप्रवासी श्रमिकहरुलाई संगठित गराई उनीहरुमा भएका व्यवसायीक ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने र स्वदेशमा रहेका युवाहरुलाई समेत समेटी सहकारी, वित्तीय र सामाजिक संघ सँस्था मार्फत पुँजी निर्माण, उद्यमशिलता विकास तथा व्यवसाय प्रवर्द्धनमा सहभागिता गराइने छ ।

२९. रोजगार सूचना केन्द्र मार्फत बेरोजगारको तथ्यांक संकलन र अद्यावधिक गरिने छ। स्वःरोजगारी बढाउन महिला युवाहरु समेतको लागि मोटर ड्राइभिङ्ग, मोटरसाइकल मर्मत, मोवाइल मर्मत, नगर क्षेत्रको सबै वडामा १/१ जनालाई सैलुन तथा जुत्ता सिलाउने तालिम प्रदान गर्ने नीति लिइएको छ ।

३०. बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तीनै तहका सरकारहरुसँगको सहकार्यमा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीको कार्यलाई रोजगार सेवा केन्द्रबाट सहजिकरण गरिनेछ ।

३१. वैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मृत्यु भएका परिवारको लागि वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने सहुलियतको लागि सामी कार्यक्रम मार्फत आवश्यक समन्वय एवं सहजिकरण गरिने छ ।

## (क) ४. कृषि विकास तथा पशु सेवा

३२. कृषि तथा पशुपंक्षी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिंचाई निर्माण, सीप विकास, प्रविधि प्रसार, प्राविधिक सेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास र सशक्तीकरणका कार्यक्रम सञ्चालन अनुगमन र नियमन गरिने छ ।

३३. किसानलाई उन्नत जातका बीउवीजन, कृषि सामग्री, मल, प्रविधि, यन्त्र उपकरण, प्रशोधन भण्डार कार्यमा प्रत्यक्ष सहयोग गरिनेछ । उच्च मूल्यका कृषि तथा पशु तथा बाली बस्तु विकास र बजारीकरणलाई उच्च प्राथमिकता दिइनेछ । यन्त्र उपकरणको दररेट निर्धारण गरिनुको साथै बन्यजन्तु नियन्त्रणको बैकल्पिक विधिहरुको खोजी गरिनेछ ।

३४. तानसेन नगरपालिकामा अदुवा भण्डारण गृह निर्माण गरी सञ्चालनमा ल्याइएकोमा भण्डारण गरेबापत कृषकलाई प्रति के.जी. रु. ५।- का दरले दिइएको अनुदानलाई निरन्तरता दिइ किसानको उत्पादनको बजारीकरणको लागि सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

३५. "निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन" को राष्ट्रिय लक्ष्य प्राप्तिमा आवश्यक योगदान पुऱ्याइने छ । साझेदार सँस्थाहरुको सहकार्यमा आर्थिक सर्भेक्षणको कार्य अगाडि बढाउने र किसान सूचिकरण कार्यक्रमलाई पूर्णता दिइनेछ ।

३६. तानसेन नगरपालिकालाई मासु, दुग्ध र तरकारीमा आत्मर्निभर बनाउन सघन कार्यक्रमका कार्यान्वयन गरिनेछ । दुध उत्पाद गर्ने कृषकलाई विगतमा सहकारी तथा समूह मार्फत दिदैं आएको प्रति लिटर २।- रुपैया अनुदानलाई निरन्तरता दिइनेछ । उत्पादनसँग जोडिने युवा लक्षित कार्यक्रमहरुमा सहुलियत दरमा ऋण उपलव्ध गराउन वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ ।

३७. पशुपालन तथा पशु स्वास्थ्यको कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायिक गाई, भैसी, बाख्रा, कुखुरा, बंगुर पालन तथा मौरीघारमा बिशेष अनुदानको व्यवस्था मिलाइनेछ । पशु नश्लसुधारलाई विस्तार गरिनेछ ।

३८. पशुपन्छीहरुमा लाग्ने पि.पि.आर., खोरेत, रेबिज, रानीखेत, लम्पी स्कीन रोगहरुको रोकथामका लागि सम्बन्धित कार्यालयको सहकार्यमा भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. नगरपालिका क्षेत्रभित्र रहेका छाडा चौपायाँहरु व्यवस्थापन गर्न वडा नं. १४ मा रहेको रुरु गौ-सेवा आश्रमसँग सहकार्य र सहयोग गरिनेछ ।

४०. दुग्ध उत्पादक समूह, सहकारी क्षेत्रमा घाँस पकेट क्षेत्रहरुको प्रवर्द्धन गरिनेछ । यसको लागि उन्नत प्रजातिका हिउदे,वर्षे तथा बहुवर्षे घाँसका विऊ विरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४१. "एक गाँउ एक प्राविधिक सेवा तथा एक पालिका एक भेटेरिनरी डाक्टर र कृषि अधिकृत कार्यक्रम"लाई निरन्तरता दिईने छ, तानसेन नगरपालिका भित्रका उत्कृष्ट कृषि तथा पशुपालन गर्ने किसान र युवा उद्यमीहरुलाई सम्मान गरिने छ ।

४२. तानसेन नगरपालिका भित्रका भिरालो जमिनलाई गरा सुधार गरी खेतियोग्य बनाउने र त्यसबाट निस्किएका ढुङ्गा, माटो, गिट्टी लगायतका बस्तुहरुलाई नगरपालिकाको अनुमतिमा निकासी तथा उचित प्रयोगको व्यवस्था मिलाइने छ ।

४३. तानसेन नगरपालिकाको अगुवाइमा तानसेन नगर क्षेत्रभित्र रहेको खेतियोग्य बाझो जमिनलाई खेति गरी उत्पादनमूलक बनाउन प्रति रोपनी निर्धारित दरले अनुदान दिने व्यवस्था लागू गरिने छ । यसबाट उत्पादन बढन गई रोजगारी सिर्जना हुने अपेक्षा गरेका छौं ।

४४. "किसानसँग नगर प्रमुख कार्यक्रम" मार्फत तानसेन नगरपालिका भित्रका उद्यमशील किसानहरुलाई मागमा आधारित साझेदारी सहयोग प्रदान गरिनेछ ।

## (क) ५. सहकारी क्षेत्र विकास

४५. समुदायको आर्थिक तथा सामाजिक विकास र सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएका सहकारी संस्थाहरुको संस्थागत विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। उत्पादनमुखी सहकारी संस्थाहरुसँग साझेदारी कार्यक्रम सञ्चालन गरिने छ।

४६. सहकारी संस्थाका सञ्चालकहरुलाई सहकारीको आर्थिक पारदर्शिता र व्यवस्थापन सम्बन्धमा आवश्यक तालिम प्रदान गरिनेछ। नगरवासीको वचतलाई सुरक्षा प्रदान गर्न सहकारी संस्थाहरुको नियमन र अनुगमन गरिनेछ।

## (क) ६. वित्तीय व्यवस्थापन तथा राजश्व परिचालन :

४७. वडास्तरीय बजेट बिनियोजन गर्दा वडागत राजश्व प्रवर्द्धनको आधारमा प्रोत्साहन गरिनेछ।

४८. करदाता शिक्षा कार्यक्रम मार्फत वडास्तरमा कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। करदाताको सहजताका लागि स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा आधारित विद्युतिय राजश्व संकलनको व्यवस्थालाई अनिवार्य गरिनेछ। विद्युतीय भुक्तानी प्रणाली सञ्चालनको लागि आवश्यक कार्य अगाडि बढाइने छ।

४९. आन्तरिक राजश्व अभिवृद्धिको लागि व्यवसायी र सम्बन्धित सरोकारवालालाई करको दायरामा ल्याउनुको साथै खानीजन्य र नदीजन्य स्रोतहरुको संकलन तथा विक्री वितरण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।

५०. नगरपालिकाको सार्बजनिक वित्त प्रणालीमा सुधार तथा वित्तीय अनुशासन र सार्बजनिक जवाफदेहिता कायम गर्न तानसेन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

## (ग) सामाजिक विकास

५१. सामाजिक विकास तर्फ कला, संस्कृति, जात्रा तथा सम्पदा संरक्षण कार्यक्रम, ५ एम्पीयरका २० युनिट विद्युत सुविधा, 'ग' वर्ग अपाङ्गता सुरक्षा भत्ता, रुरु गौ सेवा व्यवस्थापन, निलसागर मानव सेवा आश्रम, पाल्पा सि.बि.आर., सिर्जनशील अपाङ्गता स्वालम्बन केन्द्र सहयोग, तानसेन खानेपानी उपभोक्ता समितिको खानेपानी स्रोत व्यवस्थापन, तानसेन नगर प्रज्ञा प्रतिष्ठान तर्फका कार्यक्रम, नगर शिक्षा कार्यक्रम, नगर स्वास्थ्य कार्यक्रम, उप-प्रमुख महिला मैत्री पूर्वाधार विकास कार्यक्रम, लैङ्गिक समानता तथा अपाङ्गता समावेशिकरण कार्यक्रम, द्वन्द्व पिडितको लागि सिपमुलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

**(ग) १. सामाजिक समावेशिकरण :**

५२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण, सामाजिक विभेद न्यूनीकरणमा नगरको प्राथमिकता रहेकोछ । यस सन्दर्भमा आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानको लागि विशेष बजेटको व्यवस्था गरिएकोछ। दलित सशक्तीकरण तथा विकास विधेयक यसै सभा मार्फत अगाडि बढाइने छ ।

५३. लैङ्गिक तथा अपाङ्गता उत्तरदायी बजेट परीक्षण (GEDSI Audit) लाई योजना तथा कार्यक्रमको अभिन्न अङ्ग बनाइएकोछ । विकासको मूल प्रवाहमा आउन नसकेका वर्गहरुको विकासको लागि संघ तथा प्रदेश सरकार, विभिन्न विकास साझेदार संघ संस्था र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

५४. दृष्टिविहिन र सरोकारवाला व्यक्तिहरुलाई सुसूचित गर्न बार्षिक नगर विकास योजनालाई ब्रेललिपिमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । वालमैत्री, अपाङ्गतामैत्री कार्यक्रमको प्रवर्द्धन गरिने छ ।

५५. छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूीनकरणका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गरिने छ । टोल विकास संस्थाहरुको क्षमता विकासको लागि विशेष कार्यक्रम अगाडि बढाइने छ ।

५६. अन्य स्थानमा स्थायी ठेगाना भएता पनि यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्नेहरुले नगर क्षेत्र गुल्जार गर्नमा महत्व राख्ने हुँदा उनीहरुलाई घर निर्माण गर्दा लाग्ने घर नक्सा पास दस्तुरमा निश्चित प्रतिशतका दरले करमा सहुलियत र नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागिताको नीति अवलम्बन गरिने छ । यसबाट नगरको घटदो जनसंख्यामा सन्तुलन आउने विश्वास लिएको छु ।

५७. नगरपालिकाबाट तय गरिएका बार्षिक तथा बहूबर्षिय योजना तथा कार्यक्रमहरुमा टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतलाई परिचालन गरिनेछ । टोल, वडा तथा नगर समन्वय समिति गठन गरी विभिन्न विकास निर्माण लगायत दिवस तथा समारोहहरुमा सक्रिय सहभागिता गराइनेछ । नगरको सार्बाङ्गीण विकास अभियानमा गैरसरकारी संस्थाहरुको सहभागितालाई प्राथमिकता दिइनेछ ।

**(ग) २. न्यायीक समिति तथा स्थानीय मेलमिलाप**

५८. न्यायिक निरुपण प्रणालीलाई सुदृढ गर्न न्यायीक समितिको कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्न र

मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि यथोचित बजेटको व्यवस्था गरिएको छ ।

**(ग) ३. सामाजिक सुरक्षा**

५९. संघ, प्रदेश र स्थानीय कानूनको अधिनमा रही सामाजिक सुरक्षाका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । वडास्तरबाट जेष्ठ नागरिक सम्मान कार्यलाई व्यापकता दिइने छ । हरेक टोलमा जेष्ठ नागरिक विश्रामस्थल र योग शिक्षाको प्रवन्ध गर्ने नीति लिइएको छ ।

६०. स्थानीय सामाजिक सुरक्षा अन्तर्गत 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई दिई आएको मासिक रु ५००/- भत्ता तथा नगरवासीलाई दिंदै आएको विद्युत महशुल अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(ग) ४. स्थानीय वजार व्यवस्थापन**

६१. उपभोक्ता हीत संरक्षणलाई प्रमुख प्राथमिकता दिइनेछ। गुणस्तर नाप-तौल तथा मूल्यमा एकरुपता ल्याउन जिल्ला स्थित सरकारी कार्यालय तथा अन्य निकायसँग समन्वय गरिनेछ ।

६२. स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण कार्यको अध्ययन अनुसन्धान गरिनेछ। स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिनेछ ।

**(ग) ५. स्वास्थ्य**

६३. "म स्वस्थ, मेरो सामुदाय स्वस्थ" अभियान अन्तर्गत घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालान गरिने छ ।

६४. स्वास्थ्य क्षेत्रको विकासको लागि मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम संचालन गरिनेछ। नगरका बाँकी वडाहरुलाई पूर्णखोप सुनिश्चित वडा घोषणा गरिने छ ।

६५. उप-प्रमुखसँग महिला स्वास्थ्य कार्यक्रम अन्तर्गत नगरका महिलाहरुको प्रजनन् स्वास्थ्य सेवा (VIA Test) तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ । बिपन्न दलित, सरसफाईकर्मी र महिला स्वास्थ्य स्वयं सेविकाको लागि स्वास्थ्य वीमा गरिनेछ भने सुत्केरी तथा गर्भवती स्वास्थ्य वीमालाई प्रोत्साहन गरिनेछ ।

६६. नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न थप बजेट व्यवस्था गरिएको छ । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सम्पूर्ण वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तरउन्नति र सम्पूर्ण वडाहरुमा स्वास्थ्य चौकी स्थापना तथा संचालनको लागि पहल गरिनेछ ।

६७. पूर्ण खोप र पूर्ण संस्थागत सुत्केरी र कार्यक्रमलाई नियमित र दिगोपन प्रदान गरिने छ । ६ देखी ५९ महिनाका बालकालिकाहरुको नियमित वृद्धि अनुगमन गरी कुपोषणको दर कम गरिनेछ ।

६८. नेपाल सरकारबाट संचालित किशोर किशोरी आइरन कार्यक्रमको लक्ष्य हासिल गर्न तानसेन नगरपालिकाबाट थप कार्यक्रम सन्चालन गरिने छ। नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा स्क्रिनिङ्ग कार्यक्रम सन्चालन गरिनेछ ।

६९. क्षयरोगमुक्त नेपाल अभियानलाई सार्थक बनाउन समुदायमा लुकेर बसेका क्षयरोगका बिरामी पत्ता लगाउन सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम नियमित गरिनेछ ।

७०. नगरपालिका भित्रका एच.आइ.भी संक्रमीत विरामीहरुलाई औषधोपचारको लागि मासिक रु.५००।- उपलव्ध गराइनेछ । नगर क्षेत्रमा रक्त संचार सेवाको लागि ब्लड बैंक सञ्चालनको लागि अनुदान र सञ्चालनको लागि आवश्यक समन्वय गरिने छ ।

७१. "स्वस्थ नागरिक स्वस्थ नगर" भन्ने नीति अनुसार एक वडा एक हरित पार्कको साथमा खुला व्यायामशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ । स्वास्थ्य चौकि र इकाइहरुमा काम गर्नेको लागि हौसला अनुदान र स्वास्थ्य संस्थाको आर्थिक निर्भरताको लागि नीतिगत पहल गरिनेछ ।

## (ग) ६. खानेपानी तथा सरसफाई र फोहरमैला व्यवस्थापन

७२. तानसेन नगरपालिका क्षेत्रमा खानेपानीलाई नियमित, व्यवस्थित र दीर्घकालीन रुपमा भरपर्दो बनाउन थप स्रोतहरु पहिचान, वितरण प्रणालीमा सुधार, भौतिक पूर्वाधारहरुको निर्माण लगायतका कार्यमा आवश्यक सहयोग प्रदान गरी स्वच्छ खानेपानीको पहुँच बृद्धि गरिनेछ । नगरमा संचालित खानेपानी उपभोक्ता समितिहरुको नियमन र आवश्यक सहयोग गरिनेछ । तानसेन खानेपानी उपभोक्ता समितिको लागि विशेष सहयोग गरिनेछ ।

७३. फोहरमैला व्यवस्थापनको स्पष्ट नीति तथा कानून निर्माण गरिएकोमा फोहर विसर्जन केन्द्रको लागि थप पूर्वाधार निर्माण र यन्त्र उपकरणको व्यवस्था गरिनेछ । यस कार्यमा संघ तथा प्रदेश सरकारसँग समेत साझेदारी हुनेगरी बजेट विनियोजन गरिएकोछ ।

७४. स्वास्थ्यजन्य फोहरमैलाको संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन तथा सरसफाई सचेतनाको अभिवृद्धिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

७५. बजार क्षेत्र लक्षित कौशी, तरकारी, फलफूल खेती कार्यक्रमलाई योगदान पुग्ने गरी गृहिणी महिलाहरुको लागि घरबाट निस्कने जैवीक फोहरलाई कम्पोष्ट मल बनाउने तालिम प्रदान गरी सहलगानीमा कम्पोष्ट पीट वितरणको व्यवस्था मिलाइने छ ।

७६. संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा नगर क्षेत्रभित्र रहेको खुला ढल प्रणालीलाई थप व्यवस्थित गरिनेछ। टोल विकास संस्था र सरोकारवालाहरुको सहकार्यमा “सफा टोल सफा शहर तानसेनवासीको रहर” अभियान सञ्चालन गरिने छ।

## (ग) ७. शिक्षा, युवा तथा खेलकुद

७७. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।

७८. विद्यार्थी सिकाइ उपलव्धिको परीक्षण र व्यवस्थापन, विद्यार्थीमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाई, शिक्षक र कर्मचारीको क्षमता विकास मार्फत शैक्षिक गुणस्तर अभिवृद्धिलाई प्राथमिकताको क्षेत्रमा राखिने छ।

७९. नगर क्षेत्रभित्रको विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न नजिकको दूरीमा रहेका विद्यालयहरु समायोजन गरी विद्यमान जनशक्ति तथा स्रोत साधनको अधिकतम प्रयोग गर्दै ठूला आवाशीय विद्यालय (Big School) सञ्चालनको कार्यलाई निरन्तरता दिइनेछ।

८०. साना सामुदायिक विद्यालयमा न्यून आर्थिक हैसियत भएका परिवारका वालवच्चाहरुले पढिरहेकोमा छात्रबृत्तीको व्यवस्था गर्ने, आवासिय विद्यालयको लागि विशेष अनुगमन र सहयोग तथा विद्यालयमा खेल शिक्षक तथा प्रशिक्षक नियुक्त गरी खेलकुद संचालनको व्यवस्था गर्ने नीति लिइएकोछ।

८१. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ। छोरी शिक्षा कार्यक्रम, निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विद्यार्थी दिवा खाजा कार्यक्रममा थप स्रोतको व्यवस्था हुनेछ। किशोरीहरुलाई व्यवसायिक बनाउन सेनिटरी प्याड बनाउने तालिम प्रदान गरिने छ।

८२. दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजनासँगको सहकार्यमा युवाहरुको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। रोजगार सेवा केन्द्र मार्फत बेरोजगार युवाहरुको तथ्यांक अद्यावधिक गरिनेछ। वृत्ति मार्ग निर्देशन कार्यक्रमलाई निरन्तरता दिइ विद्यार्थीलाई कामको संसार चिनाउने (School to work transition) कार्यक्रमलाई निरन्तरता दिइने छ।

८३. नगरस्तरमा खेल प्रतिभा उजागर गर्न नगरस्तरीय मेयरकप रनिङ्ग शिल्ड प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप प्रभावकारी बनाइनेछ। नगर क्षेत्रका कवर्डहलहरुको स्तरबृद्धिको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिने छ। साहसिक खेल प्याराग्लाइडिङ्ग, ऱ्याफ्टिङ्ग, जीप लाइन जस्ता साहसिक खेलकुदमा युवाहरुलाई जोडिने छ।

८४. नगर क्षेत्र भित्रका विद्यालयहरुमा कम्प्युटर तथा सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

८५. सुत्केरी सट्टा शिक्षक कार्यक्रमको थालनी गरिनेछ । बालविकास शिक्षक, कार्यालय सहायक, कार्यालय सहयोगी कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापन गरी उत्प्रेरित गर्ने तथा उत्कृष्ट विद्यालयहरुको असल अभ्यास आदान प्रदान, अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. नगर शिक्षा योजना निर्माण गरी शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । आवश्यकता तथा मागको आधारमा विद्यालयहरुको मर्मत सम्भारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८७. तानसेन नगर क्षेत्र भित्र रहेका सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि कार्यक्रम अनुसार रकम व्यवस्था मिलाइने छ ।

८८. प्रतिकक्षा २० जना विद्यार्थीलाई न्यूनतम मानी सो संख्या कायम गर्ने सरकारी सामुदायिक विद्यालयलाई कार्यक्रम अनुसारको रकम व्यवस्था गरिनेछ । साथै त्यस्ता विद्यालयका प्रधानाध्यापकलाई प्रोत्साहन बापत मासिक प्र.अ.भत्तामा रु.५००।- थप गरिने छ ।

## (घ) पूर्वाधार विकास

### (घ) १. स्थानीय पूर्वाधार :

८९. विश्व बैंक तथा नेपाल सरकारको अनुदान सहयोगमा संचालित शहरी शासकीय पूर्वाधार विकास कार्यक्रमको निरन्तरताको लागि विशेष पहल गरिनेछ । वनदेवी बसपार्क निर्माण कार्य आगामी आर्थिक बर्ष भित्रमा सम्पन्न गरिनेछ ।

९०. चालु आर्थिक बर्षबाट थालनी गरिएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत पूर्वाधारका सघन आयोजनाहरु अगाडि बढाइनेछ ।

९१. तानसेन नगरपालिकाको सम्पूर्ण वडाहरुको प्रशासनिक भवन मार्फत प्रभावकारी सेवा प्रदान गर्नको लागि वडा नं. १,३,५,७,९ र १३ का कार्यालयहरु निर्माण तथा व्यवस्थापनको लागि आवश्यक स्रोतको व्यवस्था मिलाइएकोछ ।

९२. पूर्वाधार क्षेत्रको विकासको लागि प्रयोगशाला स्थापना अत्यन्तै आवश्यक भएकोले विशेष व्यवस्था गरिने छ । थप जनशक्ति सहित सडक बत्ती व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । आगामी दिनमा विद्यालयको विद्युत महसुल छुटको लागि नीतिगत पहल गरिनेछ ।

९३. **मेयर पूर्वाधार विकास कार्यक्रम** मार्फत सडक पूर्वाधार, खानेपानी तथा सरसफाई, विद्युत, सिंचाई, सञ्चार पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। प्रभास देखि बासटारीसम्मको क्षेत्रमा अधिक जनघनत्वका कारण सडक आवत जावतमा गम्भिर दुर्घटना हुने अवस्था रहेकोले डिभिजन सडक कार्यालयसँगको सहकार्यमा फुटपाथ निर्माण गरिनेछ भने अन्य आवश्यक स्थानहरुमा पनि आवश्यक कार्य अगाडि बढाइनेछ।

९४. **नगर उपप्रमुखसँग महिलामैत्री पूर्वाधार** कार्यक्रम मार्फत सामुदायिक भवन, पार्क, शौचालय, स्नानगृह, स्तनपान कक्ष, खानेपानी, सिंचाई लगायतका सार्बजनिक पूर्वाधारहरु निर्माण गरिनेछ।

९५. श्रीनगर, रानीमहल, गुफाचौर लगायतका प्रमुख पर्यटकीय सडकलाई विशेष प्राथमिकताका साथ सांस्कृतिक सडकका रुपमा विकास गरिनेछ।

९६. सडकको दायाँ बायाँ वृक्षारोपण गरी बायोइन्जिनियरिङ्ग प्रविधिबाट हरियाली तथा वातावरण मैत्री बनाइनेछ। "जहाँ मार्किङ्ग त्यहाँ पार्किङ्ग" को अवधारणा सहित अगाडि बढाइएको व्यवस्थित पार्किङ्ग र बजार व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

९७. नागरिकमा विकास आयोजनाहरुको अपनत्व वृद्धि गर्न "सह-लगानीका आयोजनाहरु"लाई प्राथमिकताका साथ पचास प्रतिशत लागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिइएको छ।

९८. नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा बतासेडाँडा-चण्डिभञ्ज्याङ्ग-राजुबास-भुल्के सडक र बौघापोखराथोक-लुहुङ्ग-जोर्ते सडकलाई तानसेन-तम्घास वाइपास सडकको रुपमा विकास गरिनेछ।

९९. घर नक्सा पास प्रणालीलाई सुधार गर्न तथा यसलाई पारदर्शी, वैज्ञानिक र आधुनिक बनाउन इलेक्ट्रोनिक्स विल्डिङ्ग प्रमिट सिस्टम (Electronic Building Permit System-EBPS) प्रणाली मार्फत नक्सा पास सेवा प्रवाहलाई घर दैलो सम्म पुऱ्याउने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१००. गत विगत बर्षहरुमा सार्वजनिक/सरकारी तथा वन क्षेत्रमा सरकारी तथा सार्बजनिक रुपमा लगानी भएका तर अधुरा अपुरा भई तिनको प्रयोग तथा उपादेयता बढाउन वडा, नगर एवं संघ तथा प्रदेश सरकारबाट समेत बजेट र कार्यक्रममा परेका वडा कार्यालय, सामुदायिक भवन तथा ट्रसहरुको निर्माण कार्य पुरा गरिने छ।

१०१. स्थानीय पूर्वाधार सेवालाई व्यवस्थित, दिगो तथा जलवायु मैत्री बनाउने र जोखिमका परेका महिला, दलित, आदिवासी जनजाति, पिछडिएका बर्ग तथा बिपन्न समुदायलाई स्थानीय स्तरमा श्रममा आधारित रोजगारी सिर्जना गरी सामाजिक संरक्षणको प्रवर्द्धन गर्न तथा उनिहरुको सीप विकास गरी दिगो जीवनयापनमा सुधार ल्याइनेछ।

१०२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फ कार्यान्वयन गरिने आयोजनाहरुमा रोजगार सूचीमा रहेका श्रमिकहरुलाई प्राथमिकता दिने र उनिहरुको बैंक खातामा पारिश्रमिक भुक्तानीको व्यवस्था

मिलाइनेछ । यो व्यवस्थालाई अन्य कार्यक्रम तथा आयोजनाहरुमा समेत अवलम्बन गर्ने नीति लिइएकोछ ।

१०३. नगरपालिकाको अग्रसरतामा संघ तथा प्रदेश सरकारबाट तय गरिएका नगर क्षेत्रका पूर्वाधार विकास आयोजनाहरुको कार्यान्वयनमा आवश्यक सहकार्य र सहजिकरण गरिनेछ । सडक, वत्ती, ढल, खानेपानी लगायतको सेवा सहितको एकिकृत विकासको नीति लिइनेछ ।

## (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन

### (ङ) १. वन तथा वातावरण संरक्षण :

१०४. समावेशी र जलवायु उत्थानशील शहरीकरणको अवधारणालाई कार्यान्वयनमा ल्याउन महिला मैत्री शहर (Cities 4 Women-UNOPS) कार्यक्रममा साझेदारी गरी समावेशी तथा वातावरण मैत्री खुल्ला स्थानहरुको विकास गरिदैंछ । यस क्रममा तानसेन नगरपालिका दरवार परिसर क्षेत्रको सौन्दर्यकरण र कमलपोखरी क्षेत्रलाई थप व्यवस्थित गर्ने कार्य तत्काल शुरुवात गरिएकोमा खुल्लाक्षेत्र, वाल उद्यान, हरियाली क्षेत्र विस्तारका थप आयोजनाहरु अगाडि बढाइनेछ । कुँडापानी, अमरनारायण फूलबारी लगायतका क्षेत्रहरुलाई थप व्यवस्थित बनाइने छ ।

१०५. श्रीनगर उद्यान क्षेत्रलाई सौन्दर्यकरण गरी वन तथा जैविक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । उक्त क्षेत्रमा सल्लो विस्थापन गर्न प्राथमिकता दिइ रैथाने चौडापाते उपयुक्त प्रजातिका बोट विरुवा रोपण तथा संरक्षणका लागि सम्बन्धित पक्षसँग समन्वय तथा सहकार्य गरिनेछ । नगरका सिमसार क्षेत्रका जग्गाहरुको संरक्षण गरी त्यस्ता क्षेत्रहरुलाई पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ ।

१०६. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ । तानसेन नगर पालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक वनहरुको तथ्याङ्क अद्याबधिक गरिनेछ ।

१०७. भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकुलनका कार्यहरु सञ्चालन गरिने छन ।

१०८. स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री हरित क्षेत्रको संरक्षण गरिनेछ । भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

### (ङ) २. विपद व्यवस्थापन

१०९. विपद् व्यवस्थापन तर्फ सडक, पहिरो, बाढी, आगलागी नियन्त्रण कार्यक्रम, विपद न्यूनीकरण सम्बन्धी शिक्षा, पाईप, ह्युमपाईप, ग्याबिन जाली, त्रिपाल लगायतका सामग्री खरिदको व्यवस्थापन गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएकोछ ।

११०. तानसेन नगरपालिका र वडाहरुमा विपद व्यवस्थापन कोषको स्थापना गरिएकोमा आवश्यक स्रोत साधन जुटाई तत्काल खोजी, उद्दार र राहतको कार्य अगाडि बढाइनेछ। विद्यालय स्तरीय विपद जोखिम न्यूनिकरण शिक्षा तथा अनुसन्धान केन्द्र स्थापना गरी विद्यार्थीहरुको क्षमता विकास गरिनछ।

१११. विपद् व्यवस्थापन लगायतका कार्यहरुमा स्थानीय समुदाय, नगर प्रहरी, स्थानीय प्रशासन, नेपाली सेन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नगर प्रहरी, नेपाल रेडक्रस, स्काउट लगायतका संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

११२. विपद व्यवस्थापन ऐन, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजना तयारी, जोखिम क्षेत्र नक्शांकन, आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना र उद्धार तथा राहतको लागि आवश्यक सामग्री तथा संस्थागत व्यवस्था मिलाइने छ।

११३. नगरवासीको जीवन रक्षा र विपद जोखिममा सहयोग अभिवृद्धि गर्न तथा UNDRR द्वारा तय गरिएको र यस नगरपालिकाको तर्फबाट हस्ताक्षर समेत गरिएको Making Cities Resilience-MCR, 2030 लाई कार्यान्वयनमा ल्याइनेछ। विपद जोखिम न्यूनिकरण शिक्षा तथा अनुसन्धान केन्द्रको विकास गरी तानसेनका १८ वटा माध्यामिक विद्यालयहरुमा विपद ईकाइ स्थापना गरिनेछ। यस कार्यमा Citynet, Citynet plus Art, NSET, विपद व्यवस्थापन प्राधिकरण लगायतका संघ संस्थाहरुसँग सहकार्य गरिनेछ। बजारका भित्री साँगुरा सडकमा जान सक्ने मिनी दमकलको व्यवस्था गरिनेछ।

**(च) सुशासन तथा संस्थागत विकास**

११४. सुशासन तथा संस्थागत विकास तर्फ सामी परियोजना कार्यक्रम, सूचना तथा प्रविधि, LISA, FRA, LED, SDG राजश्व अभिवृद्धि कार्यक्रम, अन्तर्राष्ट्रिय सम्बन्ध तथा साझेदारी, उपभोक्ता समिति तालिम तथा क्षमता विकास कार्यक्रम, टोल विकास संस्था सञ्चालन तथा व्यवस्थापन, नगर आदिवासी पहिचान, नगरगान तथा लोगो निर्माण, नेपाल पत्रकार महासंघ संस्थागत विकास, भू-वर्गीकरण तथा भूमि व्यवस्थापन कार्यक्रम, सार्वजनिक सुनुवाई कार्यक्रम, उत्कृष्ट पत्रकारीता पुरस्कार, एकिकृत घुम्ति शिविर, संचार सवलिकरण सहयोग कार्यक्रम, नगर बजार व्यवस्थापन तथा सौन्दर्यकरण, बजार अनुगमन, न्यायीक समिति मेलमिलाप, योजना व्यवस्थापन, कार्यालय मर्मत संभार लगायतका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिनेछ। उल्लेखित कार्यक्रमको लागि आवश्यक बजेट समेत विनियोजन गरिएको छ।

**(च) १. सुशासन प्रवर्द्धन :**

११५. विधिको शासनको परिपालना, जवाफदेहिता, कार्यसम्पादनमा प्रभावकारिता सहितको सार्वजनिक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

११६. नगरको प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्द्धनको लागि आवश्यक कानूनको तर्जुमा गरिएकोमा नगरपालिकाबाट जारी भएका सम्पूर्ण कानूनहरुको अभिलेख व्यवस्थापन गर्ने तथा एकिकृत कानून संग्रह प्रकाशन गरिनेछ ।

११७. तानसेन नगरपालिकाको बेरुजु फर्छ्यौट निर्देशिका, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, सार्बजनिक खरिद नियमावली, बार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन, राजश्व सुधार कार्ययोजना जस्ता ऐन कानूनको व्यवस्थालाई कडाइका साथा लागू गरिनेछ ।

११८. स्थानीय तहको संस्थागत क्षमता स्वःमुल्याङ्कन (LISA), वित्तीय जोखिम सुशासन मूल्यांकन (FRA), स्थानीय आर्थिक विकास (LED) योजना लगायतका कार्यलाई नयाँ प्रणाली अनुसार अवलम्बन गरिनेछ ।

११९. स्थानीय सेवाको व्यवस्थापनको लागि संगठन विकास, जनशक्ति व्यवस्थापन र बृत्ति विकास पद्धतिलाई प्रभावकारी बनाइनेछ । कार्यसम्पादनको आधारमा कर्मचारीलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

१२०. नगरवासीको लागि सबैभन्दा नजिकबाट सेवा प्रवाह गर्ने वडा कार्यालयको कार्य वातावरण तथा संस्थागत सुधारको लागि विशेष कार्यक्रम अगाडि बढाइने छ ।

१२१. नागरिकलाई प्रभावकारी सेवा व्यवस्थापन गर्न एकिकृत घुम्ति शिविरलाई सघन रुपमा कार्यान्वयन गरिएकोमा यसलाई निरन्तरता दिइनेछ । सार्बजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

१२२. सभाबाट पारित नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि नगरपालिकाबाट आवश्यक स्रोत साधनको व्यवस्था मिलाईएको छ । सुशासन तथा संस्थागत विकासको क्षेत्रमा सरकारी निकाय र विकास साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१२३. नगरको विकासमा योगदान पुरयाउनु हुने करदाता, निजी क्षेत्र, सामाजिक संघ संस्था, व्यवसायी एवं उद्यमी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, संचारकर्मी, निर्माण व्यवसायी, उपभोक्ता समिति, टोल विकास संस्था लगायत विविध क्षेत्रका योगदानकर्तालाई सम्मान गरिनेछ ।

१२४. नगरपालिका कार्यालयले सम्पादन गर्ने कार्यहरुको बारेमा नगरवासीलाई सुसूचित गर्न कार्यसम्पादनमा आधारित स्थानीय सञ्चारगृहको संस्थागत विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२५. कार्यालयको नागरिक सहायता कक्षलाई अपाङ्गता तथा मानवमैत्री बनाइनेछ । वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाका सार्बजनिक पूर्वाधारहरुलाई मानवमैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१२६. सुशासनको मूल्यांकन र प्रवर्द्धन गर्न तथा नगरवासीका आवश्यकताहरु पहिचान गरी नगरको विकास निर्माणको विशेष अभियान स्वरुप महिनाको एक दिन “जनताको घरदैलोमा मेयर” कार्यक्रम सञ्चालन गरिने छ ।

१२७. तानसेन नगरपालिका भित्र रहेका सार्वजनिक, सरकारी र गुठी जग्गाहरु पहिचान गरी अभिलेखिकरण तथा संरक्षण गरिनेछ । भूमि बर्गिकरणको कार्यलाई निरन्तरता दिने र भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासीकाले लागि भूमि समस्या समाधान आयोगसँग सहकार्य गरी लालपूर्जा वितरण गरिनेछ ।

१२८. नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण, स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन, नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन, सार्बजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा एवं विपद् व्यवस्थापन, छाडा पशु चौपाया नियन्त्रण लगायतका कार्यहरुमा नगर प्रहरी परिचालन गरिनेछ ।

**(च) २. क्षमता विकास :**

१२९. नगरपालिकाद्वारा तयार गरिएको क्षमता विकास योजना अनुसार जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।

१३०. जनप्रतिनिधि एवं कर्मचारीको क्षमता विकासको लागि शहरी शासकीय पूर्वाधार कार्यक्रम (NUGIP) मार्फत तयार गरिएको (ISP) को आधारमा विशेष कार्यक्रमहरु अगाडि बढाइनेछ । स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP), युनोप्स लगायतका साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१३१. स्थानीय अभिलेख व्यवस्थापनलाई नवीनतम सूचना प्रविधिको उपयोग गरी प्रभावकारी बनाइने छ । नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याइएकोमा थप सुदृढ बनाइने छ ।

१३२. द एशिया फाउण्डेशनद्वारा संचालित स्थानीय सरकार सवलीकरण कार्यक्रम मार्फत योजना व्यवस्थापन, आर्थिक विकास, संस्थागत विकास र समावेशी कार्यक्रमलाई थप नतिजामूखी बनाउन सहकार्य गरिनेछ ।

१३३. कारितास, हेफर इन्टरनेशनल, इन्स्योर, रेडा लगायतका विकास साझेदार संस्थाहसँग समन्वय र सहकार्य गरी कार्यक्रमको दायरा एवं क्षेत्रलाई विस्तार गरिनेछ ।

१३४. नगरपालिकाको सामाजिक संघ संस्था दर्ता ऐनका आधारमा दर्ता तथा सूचिकरण भएका र नगरको विकासमा महत्व राख्ने संघ संस्थाहरुसँग साझेदारी र सहकार्य गरिने छ ।

१३५. वित्तिय व्यवस्थापनमा सुधार ल्याउन बेरुजु फर्छयौट कार्यलाई प्रभावकारी बनाइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

१३६. सेवा प्रवाहलाई जवाफदेही तथा मापनयोग्य बनाउन कार्यालयमा गुनासो पेटीकाको ब्यवस्था, RATE OUR SERVICE को ब्यवस्था गरिनेछ । कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड (SOP) तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१३७. नागरिकको स्रोतको पूर्णरुपमा सदुपयोग हुनेगरी नगरपालिका तथा वडाहरुबाट दिइएका तालिम तथा प्रशिक्षणहरुको अनुगमन गरी गुणात्मकता दिइनेछ । साथै तालिम तथा सचेतनासँगै व्यवस्थापनको कार्यहरुलाई सँघन रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**(च) ३. योजना व्यवस्थापन :**

१३८. स्थानीय तथ्यांकमा आधारित योजना प्रणालीलाई प्रभावकारी बनाउन आधारभुत तथ्यांक अद्यावधिक कार्य अगाडि बढाइनेछ। संघ र प्रदेश स्तरीय कार्यक्रम, आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय र सहयोग गरिनेछ ।

१३९. योजनाको प्रभाकारी कार्यान्वयनको लागि उपभोक्ता समितिहरुको क्षमता विकासको लागि आवश्यक स्रोतको व्यवस्था गरिएकोछ । नगरबासीको सहजताको लागि विश्व बैंक लगायतका साझेदार निकायहरुसँगको सहकार्यमा अनलाइन योजना तथा प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ । सबै खर्चलाई EFT भुक्तानी प्रणालीलाई अनिवार्य गरिनेछ ।

१४०. योजना व्यवस्थापनमा विषयगत समितिहरुको भूमिकालाई थप स्पष्ट गरी क्रियाशिल बनाइनेछ। यसको लागि समितिहरुको क्षमता विकास र जवाफदेहीता अभिवृद्धि गरिनेछ । योजना तथा कार्यक्रमको अनुगमन कार्यलाई आधुनिक प्रविधि र उपकरणको प्रयोग मार्फत गुणस्तरीय र नतिजामूखी बनाइनेछ ।

१४१. नगरपालिकाका नीति तथा कार्यक्रम र बजेट, योजना तर्जुमा तथा अनुगमन प्रक्रियाको बारेमा जानकारी सहित सरोकारवालाको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४२. सेवाग्राहीहरुको सहजताको लागि ५ लाख भन्दा कम बजेट भएका योजनाहरुको वडा कार्यालय मार्फत सम्झौता गर्ने कार्यको निरन्तरता स्वरुप घुम्ति शिविर र फिल्ड भेटघाट कार्यक्रम मार्फत आवश्यक व्यवस्था मिलाइने छ ।

१४३. नगरको विकास र समृद्धिको लागि संघ तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति र अन्तर स्थानीय तह बीचको सहकार्य, समन्वय र सहलगानीलाई प्राथमिकताका साथ अगाडि बढाइने छ । गैरसरकारी संघ संस्थाहरुले आफ्ना योजना तथा कार्यक्रम नगरसभाबाट पारित गरी कार्यान्वयन गर्ने प्रक्रियालाई अनिवार्य गरिनेछ ।

१४४. दीगो विकासका लक्ष्यहरु स्थानीयकरण गरी लक्ष प्राप्तिको लागि आवधिक तथा बार्षिक योजनासँग आवद्ध गरी कार्यान्वनय गरिनेछ। बार्षिक बजेट तथा कार्यक्रमहरु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र यातायात गुरुयोजना, प्रोजेक्ट बैंकमा आधारित हुनेछन ।

**सभाका सदस्यज्यूहरु,**

माथि उल्लिखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी संघ तथा प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने समानीकरण तथा सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, राजश्व बाँडफाँड, आन्तरिक श्रोत समेतबाट नगरवासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहितको आर्थिक विधेयक र विनियोजन विधेयक नगरसभाको यसै बैठक समक्ष पेश गरिने व्यहोरा नगरसभाका सदस्यज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आम नगरवासीको माग र आवश्यकतालाई सम्बोधन गर्न र जीवनस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, निजी क्षेत्र, समस्त सञ्चारकर्मी, नागरिक समाज, सल्लाहकार, राष्ट्रसेवक कर्मचारी लगायत र सम्पूर्ण नगरवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख
(सत्रौं नगरसभा अध्यक्ष)
तानसेन नगरपालिका, पाल्पा